नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep
# १४

२१ असार २०७७

# दैनिक विपद् बुलेटिन

२० असार बिहान १०:०० बजेदेखि २१ असार बिहान १०:०० बजे सम्म

नेपालमा आज पहिरो, आगलागी र बाढीका घटनाहरु घटेका छन् । बझाङ्गको केदारस्यूँ गाउँपालिकामा गएको पहिरोमा परेर जम्मा ६ जनाको मृत्यु हुनुका साथै १ जना हराईरहेका छन् । यस्तै कालिकोटको नरहरीनाथ गाउँपालिकाको पहिरोमा परेर १ जनाको मृत्यु भएको छ भने बाजुरा र बझाङ्गमा गरी २ स्थानमा पहिरोका कारण बाटो अबरुद्ध भएको छ । सोलुखुम्बुमा पनि पहिरो गएको छ । यस्तै काठमाडौंको टोखास्थित एक ग्यारेजमा भएको आगलागीमा परेर रोकिराखेको ८ वटा माइक्रो जल्दा करिव ५ करोडको क्षति भएको छ । यो सहित बाराको २ स्थान, रौतहट, धनुषा सहित गरेर जम्मा ५ स्थानमा आगलागी भएका छन् । झापामा बाढीले बगाउँदा १ जनाको मृत्यु भएको छ । बझाङ्ग र कैलालीमा पनि बाढीले क्षति पुर्याएको छ ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ८ | १ | १३ | २ | ५२,३४,५००० | २ | १९ |

## घट्ना सारांश...

- मुलुकभर गएको २४ घण्टामा विपद्का **१३ वटा घट्नाहरु भएका** छन् ।
- **बझाङ्ग**को केदारस्यूँ गाउँपालिका वडा नं ८ मल्लेशीमा गएको पहिरोमा १७ घर पुरिदा ६ जनाको **मृत्यु** भएको र १ जना अझै **बेपत्ता** रहेको साथै २ वटा गाई, ३ भैसी र ८ वटा बाखा मरेको छ।



फोटोः डि.वी. विष्ट

*बझाङ्गको केदारस्यूँ गाउँपालिका वडा नं ८ मल्लेशीमा गएको पहिरो*

- **झापाको** कमल गाउँपालिका वडा नं. ५ रतुवाखोला र चाजुखोलाको दोभानमा आएको **बाढीले** एकव्यक्तिलाई खोला बाट **दाउरा निकाल्ने** क्रममा बगाउँदा **मृत्यु भएको छ** ।
- **कालिकोट** नरहरीनाथ गाउँपालिका वडा नं. ७ दुदेलीमा एकव्यक्ति पानीको मुहानमा भाँडा सफा गर्न लागिरहेको अबस्थामा मुहान भन्दा माथीबाट एक्कासी **पहिरो** आई पहिरोले पुरीई **मृत्यु** भएको छ साथै उक्त गाउँपालिकाको **वडा कार्यालयको** भवन समेत क्षति भएको छ ।

## घट्ना सारांश...

- **सोलुखुम्बु** अबिरल परेको बर्षाको कारण लिखुपिके गाउँपालिका वडा नं ४ स्थित एक घर नजिकै गएको पहिरोबाट १ रोपनी मकै बारी, अलैचि बारी बगाई उक्त घर समेत जोखिममा रही अन्दाजी **५,५०,०००** रुपैंया बराबरको क्षति भएको छ।
- **धनुषा** जनकपुर उपमहानगरपालिका वडा नं. ४ उतिमपुर टोलमा डेरा गरी बस्ने एकव्यक्तिको कोठामा खाना पकाउने क्रममा ग्याँस लिक भई **आगलागी** हुँदा निजको हात र मुख सामान्य जलि **घाईते** भएको छ।
- **बाराको** परवानिपुर गाउँपालिका वडा नं. ५ स्थित **युनिभर्सल प्याकेजिङ्ग ईण्डस्ट्रिज प्रालिको** बोराको गोदाममा अचानक बिधुतको तार सर्ट भई **आगलागी** हुँदा कम्पनी भित्र रहेको कच्चा पदार्थ र तयारी बोरा सहित जलि पुर्ण रुपमा नष्ट भएको छ ।
- तनहुँको बन्दिपुर गाउँपालिका वडा नं. ४ डुम्रे बजारमा एक व्यक्तिले संचालन गर्दै आईरहेको **कपडा पेल्ने मेशिनमा** अचानक **आगलागी** हुँदा अन्दाजी **रु.१० लाख** बराबरको क्षती भएको ।
- **कैलाली** धनगढी उपमहानगरपालिका वडा नं. ७ बेली खुटियामा एक व्यक्तिले **चलाएको** ट्याक्टर नदीमा बालुवा भर्ने क्रममा एक्कासी नदी बढ्न गई ट्याक्टर बगाई लगेको छ ।
- **बारा** कलैया उपमहानगरपालिका वडा नं २३ बैराठपुरस्थित एक गोठमा लामखुट्टे धपाउन बालेको घुरबाट आगो सल्किई आगलागी हुँदा गोठ घर पुर्ण रुपमा जली गोठमा रहेको भैंसी २ वटा बाख्रा र खसी ३ वटा जल्नुका साथै ३ लाख ६५ हजार रुपैंयाँ बराबरको क्षति भएको छ ।
- **रौतहट** राजपुर नगरपालिका वडा नं ८ वलुवास्थित एक घरमा लामखुट्टे धपाउन राखेको आगो सल्की अचानक **आगलागी** भएको । आगो निभाउने क्रममा १४ वर्षकी एक बालिका घाईते भएकी छिन् । आगलागीबाट ६० हजार रुपैंयाँ बराबरको क्षति भएको छ ।
- **काठमाण्डौ** महानगरपालिका वडा नं २६ म्हैपि स्थित भाडामा लिई संचालनमा रहेको सप्रश्री माईक्रो ग्यारेजमा अचानक आगलागी भएको । आगलागीबाट ८ वटा माईक्रो बस पूर्णरुपमा जलि ५ करोड रुपैंया बराबरको क्षति भएको छ ।
- **बझाङ** बुङ्गल नगरपालिका वडा नं १ मा गोईचन खोलाको बाढीले खेतबारी, फलफुल बारी, ४ वटा पानी घट्ट,गोईचन गाड लघु जलविद्युतको पावर हाउसको केही मेशिनहरु, गोईचन हतकडा खानेपानी निर्माणाधिन ट्यांकी भत्काई बगाई क्षति गरेको छ ।

## सडक अवरोध

- **बझाङ्ग**को जयपृथ्वी नगरपालिका वडा नं ७ जयपृथ्वी राजमार्गमा पहिरो आई राजमार्ग पुर्णरुपमा अबरुद्ध भएको छ ।
- **बाजुरा**को बुडिगंगा नगरपालिका वडा नं १ बल्देमा सडक माथिबाट आएको पहिरोका कारण बाटो पुर्णरुपमा अबरुद्ध भएको छ ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोली बझाङको पहिरो गएको स्थानमा पुगेर उद्वारको कार्य गरिरहेको छ । आगलागीका घाईतेलाई स्थानीय स्वास्थ्य उपचार केन्द्रमा पुर्याउनुका साथै पहिरोका कारण अबरुद्व बनेको बाटो खोल्ने प्रयास भइरहेको छ ।

**वर्षाको सारांशः**

२०७७ साल असार २० गते बिहान ०८:४५ बजे देखि असार २१ गते बिहान ०८:४५ सम्म

आज असार २१ गते बिहान ०८:४५ बजे १३० वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ४९ र स्वचालितः ८१) मा मापन गरिएको वर्षाको विवरण अनुसार ९९ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१२४.५ मि. मी.) डडेलधुरा जिल्लाको डडेलधुरा केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, ७ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, २६ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ५२ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**आगामी असार २५ गते देखि देशैभरका नदीको बहाव बढ्ने र असार २६ -२९ गते सम्म कन्काई, कोशी, कमला, बागमती, नारायणी र यसका सहायक नदी लगायत प्रदेश १ र २ को चुरे र तराईबाट बहने प्राय सबै नदीमा बहावले सतर्कता तह पार गरी केहीमा खतरा आसपास पुग्ने संभावना रहेकाले संभावित उच्च जोखिम सामना गर्न पूर्वतयारीलाई प्राथामिकता दिन अनुरोध छ ।**

**स्रोतः** जल तथा मौसम विज्ञान विभाग

## बाढी पूर्वानुमान

**असार २१ (आईतबार)**

- आज कोशी, कर्णाली, महाकाली र यसका सहायक नदीहरुमा बहाव बढ्दो हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने।
- आज कन्काई, कमला, बागमती, नारायणी, पश्चिम राप्ती,बबई लगायतमा बहाव बढ्दो हुने र बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ। आज कन्काई, बागमती, तिनाउ, पश्चिम राप्ती, बबईका केही स-साना सहायक नदीमा बहाव बढ्दो हुने र केहिमा बहाव सतर्कता तह आसपास सम्म पुग्न सक्ने ।
- आज सङ्खुवासभा, ईलाम,झापा, मोरङ,सुनसरी, उदयपुर, ओखलढुङगा, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, सिन्धुली, काभ्रेपलान्चोक, मकवानपुर, चितवन, नुवाकोट, रसुवा, गोरखा, लमजुङ, धादिङ, तनहूँ, कास्की, बागलुङ, पर्वत, म्याग्दी, नवलपरासी, रूपन्देही, कपिलबस्तु, गुल्मी,पाल्पा, अर्घाखाँची, स्याङजा, रोल्पा, रूकुम, प्यूठान, दाङ, बाँके, बर्दिया, सुर्खेत, दैलेख, कैलाली, कञ्चनपुर,अछाम, डोटी, बझाङ,बाजुरा, डडेलधुरा, बैतडी, दार्चुला र आसपास जिल्ला भई बहने केहि स-साना खोलाहरुमा बहाव बढ्ने र केहिमा आकस्मिक बहाब हुन सक्ने ।

थप जानकारीका लागि **जल तथा मौसम विज्ञान विभाग**को वेभसाइटः http://hydrology.gov.np/